"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"

टोल फि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

प सं : ०८३/८४
च.नं : ७०१

मिति : २०८३/०७/१२

विषय:लेखापरीक्षणका लागि आशय पत्र पेश गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा यस बूढानीलकण्ठ नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय,सामुदायिक सिकाई केन्द्र , शैक्षिक गुठिका विद्यालयहरुको आ.व २०८२/८३ को आर्थिक कारोवारको लेखापरीक्षण गर्नका लागि इच्छुक नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा बैधानिक रुपले सूचिकृत लेखा परीक्षकहरुले मिति २०८३/०७/२७ गतेभित्र स्वयंम उपस्थित भई तपसिल बमोजिमका कागजातहरु सहित यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद महाशाखामा आसय पत्र पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

6/9/2

(ललित विकम सिंह)
उपसचिव

ललित विक्रम सिं
उपसचिव

सामुदायिक विद्यालयको हकमा :

१ : आसय पत्रको निवेदन ।
२ : पेशागत प्रमाणपत्रहरुको प्रतिलिपि ।
३ : लेखापरीक्षण दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण २०८२/८३ सहित) ।
४: करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५ : स्थायी लेखा नं र मुल्य अभिबृदी कर दर्ता प्रमाणको प्रतिलिपी ।

संस्थागत विद्यालयहरुको हकमा :

आ.व २०८२/८३ लेखा परीक्षणको लागि लागि नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा लेखापरीक्षण प्रमाण पत्र नविकरण गरेका लेखापरीक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको निर्णय सहित ३ (तीन) जना लेखापरीक्षक सिफारिस गरेको पत्र ।

आशय पत्र सम्बन्धी थप जानकारी तथा सर्तहरु :

१) विगत आर्थिक वर्षहरुमा यस नगरपालिकाबाट नियुक्ति भएका लेखापरीक्षकहरुको हकमा आफू खटिएको विद्यालयहरुको लेखापरीक्षण तोकिएको समयमा सम्पन्न नगरेको तथा समयमै प्रतिवेदन नबुझाउने लेखा परीक्षकलाई छनौट प्रकृयामा समावेश गरिने छैन ।
२) तोकिए समयभित्र र रितपूर्वक प्राप्त हुन नआएमा आयश पत्रलाई छनौंट प्रकृयामा समावेश गरिने छैन ।
३) लेखापरीक्षक नियुक्तिका लागि सिफारिस गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बुढानीलकण्ठ नगरपालिकामा निहित रहनेछ ।